# बगनासकाली राजपत्र

बगनासकाली गाउँपालिका, पाल्पाद्वारा प्रकाशित

वर्ष–७, संख्या १२, मिति २०८०/१२/३०

## भाग २

## बगनासकाली गाउँपालिकाको

# सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८०

–स्वीकृत मिति २०८०/१२/२९

# बगनासकाली गाउँपालिका सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रमाणीकरण मितिः २०८०/१२/२९**

**प्रस्तावना :** राष्ट्रिय वनमा परिरहेको चापलाई कम गर्न, वातावरणीय सन्तुलन कायम गर्न, स्थानीय समूदायको जीविकोपार्जनमा टेवा पुऱ्याउन तथा वनजन्य उत्पादनमा आधारित उद्यमलाई आवश्यक कच्चा पदार्थको आपूर्तिमा थप योगदान गर्न सार्वजनिक जग्गामा वनको विकास, संरक्षण तथा व्यवस्थापन गर्न र वन पैदावारको उपयोग तथा बिक्री वितरण गर्ने सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले "बगनासकाली गाउँपालिकाको वन ऐन २०८०" को दफा ६० ले दिएको अधिकार प्रयोग गरी बगनासकाली गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **'सार्वजनिक जग्गामा वन विकास तथा व्ययवस्थापन कार्यविधि २०८०'** रहेको छ ।

(२) यो कार्यविधि बगनासकाली गाउँपालिकको राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) **'ऐन'** भन्नाले बगनासकाली गाउँपालिकाको **'बगनासकाली गाउँपालिकाको वन ऐन २०८०'** लाई सम्झनु पर्दछ।

(ख) **'अधिकार प्राप्त अधिकारी'** भन्नाले बगनासकाली गाउँपालिकामा कार्यरत प्रचलित कानून बमोजिम योग्यता पुगेको वन प्राविधिक वा वन सम्बन्धि कार्य गर्नका लागि खटाइएको अनुमति प्राप्त अधिकारीलाई सम्झनु पर्दछ ।

(ग) **'कार्यपालिका'** भन्नाले बगनासकाली गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) **'कार्यालय'** भन्नाले बगनासकाली गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) **'कार्यविधि'** भन्नाले **'बगनासकाली गाउँपालिका सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८०'** लाई सम्झनु पर्दछ ।





(च) **'कोष'** भन्नाले आवश्कता अनुसार खडा गरिने वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषलाई सम्झनु पर्दछ ।

(छ) **'टाँचा'** भन्नाले काठ वा खडा रुखमा लगाइने छाप, चिन्ह वा निशाना सम्झनु पर्दछ । सो शब्दले क्यु आर कोड तथा यस्तै किसिमको चिन्ह समेतलाई जनाउँनेछ ।

(ज) **'प्रदेश मन्त्रालय'** भन्नाले लुम्बिनी प्रदेश अन्तर्गत रहेको वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।

(झ) **'प्रमुख'** भन्नाले बगनासकाली गाउँपालिकाको अध्यक्ष वा गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ञ) **'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले बगनासकाली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ट) **'वन कार्यालय'** वा **'सम्बन्धित वन कार्यालय'** भन्नाले डिभिजन वन कार्यालय पाल्पा वा सो अन्तर्गत रहेको तानसेन सव-डिभिजन वन कार्यालयलाई सम्झनु पर्दछ ।

(ठ) **'वन पैदावार'** भन्नाले सार्वजनिक जग्गामा रहेको वा पाइएको वा वनको विकास गरी हुर्काइएको तथा संरक्षण गरिएको देहायको पैदावार सम्झनु पर्दछ ।

- काष्ठ पैदावार,
- गैरकाष्ठ वन पैदावार,

(ढ) **'वातावरणीय सेवा'** भन्नाले सार्वजनिक जग्गमा वनको विकास तथा वनको संरक्षण गरी प्राप्त हुने देहाय बमोजिमको सेवा र सोबाट प्राप्त हुने लाभ सम्झनु पर्छ :-

- कार्बन सेवा
- जैविक विविधता संरक्षण
- जलाधार तथा जलचक्र प्रणाली
- पर्यापर्यटन
- तोकिए बमोजिमका अन्य वस्तु, सेवा तथा लाभ ।

(ण) **'समुह'** भन्नाले दफा ७ बमोजिम गठन भएको सार्वजनिक वन उपभोक्ता समुहलाई

सम्झनु पर्दछ ।

(त) **'समिति'** भन्नाले बगनासकाली गाउँपालिकाको "वन वातावरण तथा विपद् व्यवस्थापन समिति" लाई समेत सम्झनु पर्दछ ।

(थ) **'सार्वजनिक जग्गाको वन'** भन्नाले राष्ट्रिय वन क्षेत्र भित्र नपर्ने, ऐलानी पर्ति वा बगनासकाली गाउँपालिकाको अधीनको जग्गा, सामुदायिक विद्यालय, मठ, मन्दिर वा अन्य सार्वजनिक संस्थाको जग्गा, नदी उकास, नहर वा सडक छेउको जग्गा, चरन क्षेत्र तथा सार्वजनिक पोखरीको डिल आदिमा वृक्षरोपण गरी हुर्काएको वा पहिल्यैदेखि रहि आएको वन सम्झनु पर्दछ ।

(द) **'सार्वजनिक वन'** भन्नाले सार्वजनिक जग्गामा हुर्काइएको र सो गर्न बगनासकाली गाउँपालिका, सामुदायिक विद्यालय, मठ, मन्दिर, अन्य सार्वजनिक संस्था वा साविकका स्थानीय निकायसँग सम्झौता गरी सार्वजनिक वन विकास उपभोक्ता समूह मार्फत सार्वजनिक जग्गामा वन विकास गरिएको वन सम्झनु पर्दछ ।

(ध) **'सार्वजनिक वन विकास उपभोक्ता समूह'** भन्नाले सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्न दफा ७ बमोजिम वनको संरक्षण तथा व्यवस्थापनको लागि गठन हुने समूह सम्झनु पर्दछ ।

## परिच्छेद-२

## सार्वजनिक जग्गाको पहिचान

३. **सार्वजनिक जग्गाको पहिचान गर्नु पर्ने :** (१) बगनासकाली गाउँपालिकाले सम्बन्धित जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र नापी कार्यालयसँग समन्वय गरी बगनासकाली गाउँपालिकामा रहेका सार्वजनिक जग्गाको विवरण सङ्कलन गरी सोको अभिलेख राख्नु पर्नेछ । यस्तो अभिलेख तयार गर्नको लागि सम्बन्धित डिभिजन वन कार्यालय तथा अन्य सहयोगी निकायको सहयोग आवश्यक भएमा सहयोगको लागि अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका सार्वजनिक जग्गा मध्ये वन विकास गर्न उपयुक्त हुने सार्वजनिक जग्गाको पहिचान गरी बगनासकाली गाउँपालिकाले सोको समेत अभिलेख राख्नु पर्नेछ । यसरी अभिलेख राख्दा वडागत रुपमा राख्नु पर्नेछ । यस्तो अभिलेखलाई डिजिटल पनि तयार गर्न सक्नेछ ।

४. **वन क्षेत्र भन्दा टाढाको जग्गालाई प्राथमिकता दिने :** सार्वजनिक जग्गामा वन विकासका कार्यक्रम सञ्चालन गर्दा बगनासकाली गाउँपालिकाले वनक्षेत्र भन्दा टाढा





रहेका तथा संरक्षणको दृष्टिकोणले संवेदनशील सार्वजनिक जग्गालाई प्राथमिकता दिनु पर्नेछ ।

५. **अतिक्रमणबाट मुक्त गर्ने :** (१) वन विकास गरिने सार्वजनिक जग्गा कसैले अतिक्रमण गरेको भएमा बगनासकाली गाउँपालिकाले सार्वजनिक भेला गरी आपसी सहमति कायम गरी त्यस्तो जग्गा अतिक्रमणबाट मुक्त गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक जग्गा अतिक्रमणबाट मुक्त गर्न नसकिएमा आवश्यकता अनुसार सुरक्षा निकायको सहयोग समेत लिई त्यस्तो जग्गा अतिक्रमणबाट मुक्त गर्नु पर्नेछ ।

६. **अन्य सार्वजनिक संस्थाको जग्गामा कार्यक्रम सञ्चालन गर्न सकिने :** (१) सामुदायिक विद्यालय, मठ, मन्दिर वा अन्य सार्वजनिक संस्थाको नाममा रहको जग्गामा वन विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको जग्गामा वन विकास कार्यक्रम सञ्चालन गर्न बगनासकाली गाउँपालिकाले आवश्यक समन्वय तथा सहजीकरण गर्नेछ तथा बगनासकाली गाउँपालिकाले यस्तो जग्गमा वन विकास गर्ने तथा वन विकास गर्दा प्राप्त हुन सक्ने लाभहरुको बाँडफाँडको बारेमा प्रचलित कानून बमोजिमको अधिकार क्षेत्रमा कुनै असर नपर्ने गरी आवश्यक निर्देशिका तथा कार्यविधि तयार गरी सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-३

## सार्वजनिक वन विकास उपभोक्ता समूह गठन

७. **सार्वजनिक वन विकास उपभोक्ता समूह गठन गर्ने :** (१) दफा ३ को उपदफा (१) बमोजिम पहिचान गरिएको सार्वजनिक जग्गाको वास्तविक उपभोक्ताहरु पहिचान गर्नु पर्नेछ । पहिचान गरिएका उपभोक्ताहरु सबै यसै परिच्छेद बमोजिम गठन हुने सार्वजनिक वन विकास उपभोक्ता समूहको साधारण सदस्य हुनेछन् ।

(२) उपदफा (१) बमोजिम पहिचान गरिएको उपभोक्ताहरुकै सहभागिता हुने गरी बगनासकाली गाउँपालिकाको स्वामित्वमा रहेको सार्वजनिक जग्गामा वन विकास कार्यक्रम बगनासकाली गाउँपालिकाले अनुसूची १ बमोजिम निवेदन माग गरी सार्वजनिक वन विकास उपभोक्ता समूह गठन गरी त्यस्तो समूह मार्फत सञ्चालन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपभोक्ता समूह गठन गर्दा सो सार्वजनिक जग्गाको उपयोग परम्परागत रुपमा गरिरहेका सम्बन्धित वडा वा टोलका संभावित उपभोक्ता भेला गरी कम्तीमा (७) सात घरधुरी रहेको एउटा उपभोक्ता समूह गठन गर्नु पर्नेछ ।

यसरी उपभोक्ता समूह गठन गर्दा सम्पन्नता स्तरीकरण पनि गर्नु पर्नेछ । यसरी समूह गठन गर्दा सम्पन्नता स्तरीकरणमा सबै भन्दा तल परेका भूमिहिन, गरिब, महिला आदिबासी जनजाती तथा विपन्न वर्गका घरधुरीहरुको प्रतिनिधित्व तथा सहभागिता हुने गरी गठन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको समूह गठन गर्दा एकजना अध्यक्ष, एकजना उपाध्यक्ष, एकजना सचिव, एकजना कोषाध्यक्ष र अन्य सदस्यहरु रहने गरी गर्नु पर्नेछ । यसरी समूह गठन गर्दा अध्यक्ष, उपाध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कम्तीमा दुई पदमा महिलाको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ । तर समूहमा सात जनाभन्दा बढी सदस्य भएमा बढी भएको उपभोक्ताहरुलाई सदस्यको रुपमा राख्न वाधा पुग्नेछैन।यदि सदस्यहरु धेरै भएमा सदस्यहरुको भेलाले एक विधान कार्यसमिति पनि गठन गर्न सक्नेछन् । यसरी गठन गरिने कार्यसमितिको काम, कर्तव्य र अधिकारको बारेमा दफा १० बमोजिम तयार गरिने विधान तथा कार्ययोजनामा उल्लेख गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम गरिएको भेलाबाट आवश्यक तथ्याङ्क सङ्कलन हुन नसकेमा घरधुरी सर्वेक्षणबाट निजी जग्गाको क्षेत्रफल, पेशा, परिवार संख्या, पशुपालनको अवस्था, आम्दानी जस्ता तथ्याङ्क सङ्कलन गर्नु पर्नेछ ।

(६) दफा ६ बमोजिम सामुदायिक विद्यालय, मठ, मन्दिर वा अन्य सार्वजनिक संस्थाको भोगाधिकारमा रहेको जग्गामा वन विकास कार्यक्रम सञ्चालनको लागि यस दफा बमोजिम वन विकास समूह गठन गर्न बगनासकाली गाउँपालिकाले आवश्यक समन्वय तथा सहजीकरण गर्नेछ ।

८. **कम आयस्रोत भएको विपन्न परिवारलाई प्राथमिकता दिनु पर्ने :** यस कार्यविधि बमोजिम उपलब्ध सार्वजनिक जग्गाको अनुपातमा त्यस्तो जग्गामा वन विकास गर्न चाहने घरधुरी धेरै भएमा तीमध्ये पनि सबैभन्दा कम आयस्रोत भएको विपन्न परिवारलाई प्राथमिकता दिनु पर्नेछ ।

९. **सम्झौता गर्नु पर्ने :** (१) यस कार्यविधि बमोजिम सार्वजनिक जग्गामा वन विकास कार्यक्रम सञ्चालन गर्नका लागि बगनासकाली गाउँपालिकाको स्वामित्वमा रहेको सार्वजनिक जग्गा भए बगनासकाली गाउँपालिका र सार्वजनिक वन विकास उपभोक्ता समूहबीच अनुसूची-२ बमोजिमको सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बाहेकको सामुदायिक विद्यालय, मठ, मन्दिर वा अन्य सार्वजनिक संस्थाको स्वामित्वमा रहेको सार्वजनिक जग्गा भए दफा ६ एवं दफा ७ को उपदफा (६) अनुसार बगनासकाली गाउँपालिकाले समन्वय गरेमा त्यस्तो सार्वजनिक





संस्था र सार्वजनिक वन विकास उपभोक्ता समूहबीच अनुसूची-२ बमोजिमको सम्झौता गरी वन विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

१०. **विधान तथा कार्य योजना तयार गर्नु पर्ने :** (१) सार्वजनिक वन विकास उपभोक्ता समूहले आफ्नो समूहको वनको विकास गर्न अनुसूची- ४ मा उल्लिखित ढाँचामा एक विधान तथा वन व्यवस्थापन कार्य योजना बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विधान तथा वन व्यवस्थापन कार्ययोजना तयार गर्न सार्वजनिक वन विकास उपभोक्ता समूहले बगनासकाली गाउँपालिका वा सम्बन्धित वन कार्यालयको प्राविधिक सहयोग लिन सक्नेछ ।

११. **सार्वजनिक वन विकास उपभोक्ता समूह दर्ता गर्ने :** (१) यस कार्यविधि बमोजिम सार्वजनिक जग्गामा वन विकास गर्नको लागि गठन गरिएको सार्वजनिक वन विकास उपभोक्ता समूहले सो समूह दर्ताको लागि दफा ९ उपदफा (१) बमोजिम गरिएको सम्झौता र दफा १० बमोजिमको विधान तथा वन व्यवस्थापन कार्ययोजना समेत बगनासकाली गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक वन विकास उपभोक्ता समूह दर्ताको लागि पेश भएमा बगनासकाली गाउँपालिकाले आवश्यक जाँचबुझ गरी त्यस्तो वन विकास उपभोक्ता समूह दर्ता गर्नु पर्नेछ । दर्ता गरिसके पछि अनुसूची- ३ बमोजिमको दर्ता भएको प्रमाणपत्र दिनु पर्नेछ।यसै बमोजिम दर्ता भएको सार्वजनिक वन विकास उपभोक्ता समूहले सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्नको लागि वन व्यवस्थापन कार्ययोजना तयार गर्नु पर्दछ । सो वन व्यवस्थापन कार्ययोजना बगनासकाली गाउँपालिकाले स्वीकृत गर्नेछ ।

(३) यो कार्यविधि प्रारम्भ हुनु अघि बगनासकाली गाउँपालिका, सामुदायिक विद्यालय, मठ, मन्दिर, अन्य सार्वजनिक संस्था वा साविकका स्थानीय निकायसँग सम्झौता गरी सार्वजनिक वन विकास उपभोक्ता समूह मार्फत सार्वजनिक जग्गामा वन विकास भएको रहेछ र त्यस्तो सम्झौताको अवधि बाँकी रहेछ भने त्यस्ता सार्वजनिक वन विकास उपभोक्ता समूहले बगनासकाली गाउँपालिकामा त्यस्तो सार्वजनिक वन विकास उपभोक्ता समूह दर्ता गर्नु पर्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम सार्वजनिक वन विकास उपभोक्ता समूह दर्ता गर्दा वन विकास गरिने वा वन विकास गरिएको सार्वजनिक जग्गाको कित्ता नम्बर, चारकिल्ला, सार्वजनिक वन विकास उपभोक्ता समूहका पदाधिकारीको विवरण समेतको अभिलेख राख्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको विवरण बगनासकाली गाउँपालिकाले सम्बन्धित वन कार्यालय तथा वन क्षेत्रको व्यवस्थापन सूचना प्रणाली रहेकोमा सो समेतलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) यस कार्यविधि बमोजिम सार्वजनिक जग्गामा वन विकास गरिएकोमा सम्बन्धित वन कार्यालय तथा सहयोगि निकायले सोको अनुगमन गर्न चाहेमा बगनासकाली गाउँपालिकाले आवश्यक सहजीकरण गर्नेछ ।

(७) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि प्रारम्भ हुनु अघि बगनासकाली गाउँपालिका, सामुदायिक विद्यालय, मठ, मन्दिर, अन्य सार्वजनिक संस्था वा साविकका स्थानीय निकायसँग सम्झौता गरी सार्वजनिक वन विकास उपभोक्ता समूह मार्फत सार्वजनिक जग्गामा वन विकास भएको र त्यस्तो सम्झौताको अवधि समाप्त भई सकेको भएमा र सो समूहले कार्य योजना बमोजिम कार्य गरेको कुरा जाँचबुझबाट ठहरेमा सोही समूहलाई प्राथमिकता दिई त्यस्तो सार्वजनिक वन विकास उपभोक्ता समूह दर्ता गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिमको सार्वजनिक वनबाट उत्पादित वन पैदावार तथा सोबाट सिर्जित लाभको बाँडफाँट गर्न बाँकी भएमा बगनासकाली गाउँपालिकाले सहजीकरण गरी सो उपदफा बमोजिम भएको सम्झौता बमोजिम वन पैदावार वा सोबाट सिर्जित लाभको बाँडफाँटको व्यवस्था मिलाउनु पर्नेछ । यसरी व्यवस्था मिलाइएको अद्यावधिक विवरण अभिलेख राख्ने व्यवस्था बगनासकाली गाउँपालिकाले सम्बन्धित कार्यालय तथा वडासँग समन्वय गरी मिलाउनु पर्नेछ ।

१२. **प्राविधिक सहयोग उपलब्ध गराउने :** (१) यस कार्यविधि बमोजिम सार्वजनिक वन विकास उपभोक्ता समूहले सार्वजनिक जग्गामा वन विकास गर्न लाग्ने बिरुवा बगनासकाली गाउँपालिकाले निःशुल्क उपलब्ध गराउनुको साथै आवश्यक प्राविधिक सहयोग समेत उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सहयोग उपलब्ध गराउँदा बगनासकाली गाउँपालिकाले सम्बन्धित वन कार्यालय, सहयोगी निकाय तथा अन्य सेवा प्रदायकसँग सहयोग लिन सक्नेछ ।

१३. **वन व्यवस्थापनको लागि जिम्मा दिन सकिने :** (१) सार्वजनिक वन विकास उपभोक्ता समूहले सम्झौताबाट प्राप्त जग्गामा वन विकास गर्दा सो समूहका प्रत्येक सदस्यलाई संलग्न गराई त्यस्तो जग्गाको व्यवस्थापन वन व्यवस्थापन कार्ययोजना बमोजिम गर्नु पर्नेछ । यसरी व्यवस्थापन गरी प्राप्त लाभ त्यस्तो समूहका प्रत्येक





सदस्यलाई बराबर हुने गरी बाँडफाँट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन व्यवस्थापन गर्दा त्यस्तो जग्गामा सार्वजनिक वन उपभोक्ता समूहका सदस्यले वन प्रजातिलाई असर नपर्ने गरी कृषि-वन प्रणाली अनुरुपको कृषिबाली लगाउन सक्नेछन् ।

## परिच्छेद-४

## बीउ, बिरुवा तथा नर्सरी व्यवस्थापन

१४. **बीउ वा बिरुवा संकलन तथा खरिद :** (१) सार्वजनिक वन विकास उपभोक्ता समूहले बीउ वा बिरुवा सङ्कलन वा खरिद गर्दा कार्य योजनामा उल्लिखित प्रजातीका बीउ वा बिरुवा संकलन वा खरिद गर्न सक्नेछ ।

**उदाहरणको लागि :** प्रजाति छनौट गर्दा जडिबुटि, गैह्काष्ठ, घाँस, दाउरा, कृषि औ जार, बल्लाबल्ली वा काठ के के उत्पादन गर्ने हो सोही अनुसारको प्रजाती छनौट गर्नुपर्नेछ । तर यस्तो प्रजाति मिचाहाको रुप नलिने तथा रोग किरा नलाग्ने एवं स्थापित भैसकेकोलाई मात्र छनौट गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम बीउ वा बिरुवा संकलन वा खरिद गर्दा अनुसूची-५ मा उल्लेख भए बमोजिमका प्रजातिलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम बीउ वा बिरुवा संकलन वा खरिद गर्दा देहाय बमोजिमका कुराहरुलाई विशेष ध्यान दिनु पर्नेछ :-

(क) विश्वासिलो व्यक्ति वा संस्थाबाट गुणस्तरीय बीउ वा बिरुवा संकलन वा खरिद गर्नुपर्ने,

(ख) बीउ संकलन गर्दा स्वस्थ माउ रुख छनौट गरी परिपक्व बीउ जुन मौसममा तयार हुन्छ सोही समयमा संकलन गर्नुपर्ने,

(ग) **सामान्यतया:** सम्झौता अवधिभित्र कटानको लागि अवधि पुग्ने प्रजातिको बीउ वा बिरुवा संकलन वा खरिद गर्नुपर्ने,

(घ) वन बीउ केन्द्र वा वन बीउको संकलन तथा वितरण गर्ने कार्य गरिरहेको कुनै सहकारी एवं बीउ बिजन सङ्कलन तथा वितरणको लागि दर्ता भएका कम्पनि वा निकायबाट खरिद गर्ने र सो नभए नजिकको वन कार्यालय वा त्यहाँ कार्यरत बिषयगत संस्थाको सुझाव लिई बीउ वा बिरुवा खरिद गर्नु पर्ने,

(ङ) कटान चक्र तथा कटान पछिको जग्गाको अवस्था एवं आयआर्जन हुने खालका क्रियाकलापलाई समेत ध्यान दिनुपर्ने,

(च) प्रचलित कानून बमोजिम वा नेपाल सरकारको निर्णय बमोजिम प्रतिबन्धित, मिचाहा प्रजातिको सूचीमा रहेको प्रजातीको बीउ वा बिरुवा संकलन वा खरिद गर्न नहुने ।

१५. **नर्सरी व्यवस्थापन गर्न सक्ने :** (१) सार्वजनिक जग्गामा वन विकासको लागि बिरुवा उत्पादन र विकास गर्ने प्रयोजनको लागि सार्वजनिक वन विकास उपभोक्ता समूहले आफ्नै स्रोत तथा अन्य निकायहरुको सहायता तथा प्राविधिक सहयोगमा नर्सरी व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नर्सरी व्यवस्थापन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) नर्सरी स्थापना गर्दा उपयुक्त क्षेत्र छनौट गर्नुपर्ने,

(ख) उपलब्ध भएसम्म जुन स्थानमा वृक्षरोपण गरिने हो त्यसको नजिक नर्सरी स्थापना गर्नुपर्ने,

(ग) के-कति विरुवा उत्पादन गर्ने हो त्यस अनुसार नर्सरीको क्षेत्रफल यकिन गर्नुपर्ने,

(घ) नर्सरी स्थापना गर्नु अगावै नर्सरीको प्रारुप वा ढाँचा तयार गर्नुपर्ने,

(ङ) पर्खाल वा तारवार लगाउनु पर्ने भए सोको प्रारुप तथा आवश्यकता अनुसार पानी, माटो, मल, नर्सरी नाइके, पाले आदीको व्यवस्थापन गर्नुपर्ने ।

(३) यस दफा बमोजिम नर्सरी व्यवस्थापन गर्दा नर्सरीमा उत्पादित बिरुवाका प्रकार तथा प्रजातिको आधारमा यसको व्यवस्थापनको लागि सम्बन्धित प्राविधिकको सहयोग लिनु पर्नेछ ।

१६. **नर्सरी अभिलेख :** दफा १५ बमोजिम सार्वजनिक वन विकास उपभोक्ता समूहले सार्वजनिक जग्गामा वन विकासको लागि नर्सरी व्यवस्थापन गरेमा सोसँग सम्बन्धित सामग्री तथा श्रम खर्चको सम्बन्धमा अनुसूची-६ बमोजिमको अभिलेख समेत राख्नु पर्नेछ ।

१७. **नर्सरी सञ्चालकसँग सम्झौता गरी बिरुवा उत्पादन गर्न सकिने :** (१) सार्वजनिक वन विकास उपभोक्ता समूहले आफैले बिरुवा उत्पादन गर्न नसक्ने भएमा कुनै नर्सरी सञ्चालकसँग सम्झौता गरी बिरुवा उत्पादन गर्न सक्नेछ ।





(२) उपदफा (१) बमोजिम गरिने सम्झौतामा वृक्षरोपण गर्न योग्य विरुवाको संख्या, साईज, गुणस्तर, प्रजाती र उत्पादन भैसक्नुपर्ने समयावधि उल्लेख हुनुको साथै आवश्यकता अनुसार अन्य शर्तहरु पनि उल्लेख गर्नु पर्नेछ ।

१८. **बिरुवा बिक्री वा वितरण गर्न सक्ने :** (१) सार्वजनिक वन विकास उपभोक्ता समूहले आफैले बिरुवा उत्पादन गरेको वा दफा १७ बमोजिम नर्सरी सञ्चालकसँग सम्झौता गरी बिरुवा उत्पादन गरिएकोमा त्यस्तो समूहले वन विकास गर्ने सार्वजनिक जग्गामा उपयोग गरी बाँकी रहेको बिरुवा बिक्री वितरण गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक वन विकास उपभोक्ता समूहले बिरुवा बिक्री गरेकोमा सोबाट प्राप्त रकम दफा २९ बमोजिमको कोषमा जम्मा गरी सामुहिक विकासमा खर्च गर्नु पर्नेछ ।

## परिच्छेद-५

## वृक्षरोपण तथा वन पैदावार खेती

१९. **वृक्षरोपण :** (१) सार्वजनिक जग्गामा वन विकासको लागि वन व्यवस्थापन कार्ययोजना बमोजिम वृक्षरोपण गर्दा सार्वजनिक वन विकास उपभोक्ता समूहको चाहना, उद्देश्य र आवश्यकता अनुरुप मिचाहा तथा नेपाल सरकारबाट प्रतिवन्धित भएको बाहेक आवश्यक प्रजातीहरु छनौट गरी वृक्षरोपण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम वृक्षरोपण गर्दा स्थान विशेष एवं उद्देश्य अनुरुप विशेष गरी छिटो बढ्ने, हाँगा धेरै नफैलिने र छायाँ कम दिने, पात चाडै सड्ने, सोझो काण्ड हुने, कोशे बिरुवा आदि गुण भएका अनुसूची- ५ बमोजिमका प्रजातीहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

**उदाहरणको लागि :** तराई तथा शिवालिक क्षेत्रमा ठाउँ र माटो सुहाउँदो हुने गरी लहरे पिपल, बकाइनो, सिरिस, इपिलइपिल, बडहर, टीक, कदम, टाँकी, कपोक आदी प्रजातीहरु तथा सार्वजनिक वन विकास उपभोक्ता समूहले चाहेका अन्य प्रजातीको वृक्षरोपण गर्न सक्नेछ ।

(३) वृक्षरोपण गर्नु भन्दा कम्तीमा पन्ध्र दिन अगावै वृक्षरोपण क्षेत्रभित्र सरसफाई तथा रेखाङ्कन गरी खाल्डो खन्ने काम गर्नु पर्नेछ ।

२०. **जडिबुटी तथा गैह्र काष्ठ वन पैदावार खेती गर्न सकिने :** (१) यस कार्यविधि बमोजिम सार्वजनिक जग्गामा वन विकास गर्दा वन व्यवस्थापन कार्ययोजना बमोजिम कृषि(वन प्रणाली लागू गरी सकभर ठूला प्रजातीका रुखहरुको अतिरिक्त छोटो समयमा

आयआर्जन गर्न सकिने जडिबुटी तथा अन्य गैह्र काष्ठ वन पैदावार खेती समेत गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम जडिबुटी तथा अन्य गैह्र काष्ठ वन पैदावार खेतीको लागि प्रजाती छनौट गर्दा स्थानीय हावापानीमा सजिलै हुर्कने र बजारमा सजिलै बिक्री गर्न सकिने प्रजातीको छनौट गर्नु पर्नेछ । प्रजाति छनौटको कार्यमा प्राविधिक सहयोग सम्बन्धित वन कार्यालयको लिनु पर्नेछ ।

उदाहरणका लागि तराई तथा शिवालिक क्षेत्रमा देहायका बहुमूल्य जडिबुटी, सुगन्धित वनस्पति तथा गैह्र काष्ठ वन पैदावारको खेती गर्न सकिनेछ :-

जडिबुटी सुगन्धित वनस्पती अन्य गैह्र काष्ठ वन पैदावारः सर्पगन्धा, कुरिलो (सतावरी), पिपला, अश्वगन्धा, बोझो, ब्राम्ही (घोडताप्रे), तुलसी, गुर्जो, सफेद मुसली, कालो हलेदो, हर्रो, बर्रो, अमला, पुदिना आदि लेमनग्रास, पामारोजा, सिट्रोनेला, दालचिनी (तेजपात), सुगन्धवाल, सुगन्धकोकिला आदि सिन्दुर, अम्रिसो, वेत, बाँस, निम, वेल, आदि ।

(४) यस दफा बमोजिम वन विकास गरिने सार्वजनिक जग्गामा जडिबुटी तथा गैह्र काष्ठ वन पैदावार खेती गर्दा कम्तीमा चालीस प्रतिशत क्षेत्र (छत्र घनत्व) रुख प्रजातीले ढाक्ने गरी गर्नु पर्नेछ ।

२१. **<u>कृषि (वन प्रणाली अवलम्बन गर्न सकिने:</u>** (१) सार्वजनिक जग्गामा वन विकास समूहले छोटो समयमा आम्दानी हुने खालको कृषि (वन प्रणालीको अवलम्बन वन व्यवस्थापन कार्ययोजनामा समावेस गरी सम्बन्धित वन कार्यालयको प्राविधिक सहयोग लिई गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कृषि (वन प्रणाली अवलम्बन गर्दा उदाहरणको लागि तराइ, चुरे तथा मध्य पहाडी क्षेत्रको कतिपय भूभागमा अदुवा, बेसार, बदाम, सूर्यमूखी फूल, रहर, चनाजस्ता नगदे बाली, आँप, केरा, भूईंकटहर, लिची, अंगुर, अम्बा जस्ता फलफूल खेती गर्न सकिनेछ । यसै गरी यस्तै किसिमका सबै प्रजातिहरु स्थान विशेष सिफारिस गरिएको वा प्रचलनमा रहेका प्रजातिहरुको खेति भौगोलिक क्षेत्र अनुसार लगाउन सकिनेछ ।

तर यसरी खेती गर्दा कम खनजोत गरी भूक्षय नहुने गरी गर्नुपर्नेछ ।

(३) यस दफा बमोजिम कृषि(वन प्रणाली अवलम्बन गर्दा रुख हुर्किएको अवस्थामा





कम्तीमा तीस प्रतिशत छत्र घनत्व नघट्ने गरी रुख प्रजातीले ढाक्ने गरी गर्नु पर्नेछ र त्यस्ता रुख प्रजातीमध्ये कम्तीमा पचास प्रतिशत काठ, दाउरा, घाँस दिने ठूला रुख प्रजातीले ढाक्ने हुनु पर्नेछ ।

(४) यस दफा बमोजिम कृषि (वन प्रणाली अवलम्बन गर्दा उदाहरणको लागि तराइ चुरे तथा मध्य पहाडको फेदीसम्म देहायका प्रजाती लगाउन सकिनेछ :-

| **क्र. सं.** | **जग्गाको तह** | **वनप्रजाती तथा गैह्रकाष्ठ वन पैदावार (जडिबुटी समेत)** | | | **कृषिवाली /फलफूल** |
|---|---|---|---|---|---|
| | | काठ, दाउरा, बल्लाबल्ली, घाँस आदिको लागि रुख प्रजाती | जडीबूटी | अन्य गैह्रकाष्ठ वन पैदावार | |
| १ | जमिन मुनी उत्पादन दिने | | कुरीलो, बोझो, आदि | | लसुन, प्याज, आलु, अदुवा, वेसार, वदाम आदि |
| २ | जमिनको सतह | | सर्पगन्धा, लेमनग्रास, सिट्रोनेला, पामारोजा, तुलसी, पिपला, सिकाकाई, गुर्जो आदि | काउसो, सिन्दुर, अम्रिसो, वेत आदि | काउली, गोलभेडा जस्ता तरकारीहरु र रहर, चना, मुसुरो, सुर्यमूखी फुल आदि |
| ३ | सानो छत्रको तह | बकाईनो, ईपिल-इपिल, बबुल लोठसल्ला आदि | दालचिनि, निम, अमला आदि | किम्बु, बाँस, निगालो, आदि | लिची, केरा, मेवा, एभोकाडो, स्याउन आदि |
| ४ | ठूला रुखको तह | लहरे पिपल, कदम, सिरिस, कपोक, सिमल, मसला, गम्हारी, टिक, फिरफिरे, भूडकूल, दवदवे आदि | हर्रो, वर्रो आदि | खयर, सिन्दुरे आदि | आँप, कटहर, जामुन आदि |

**पुनश्च :** यसै गरी मध्य पहाड तथा उच्च पहाडी क्षेत्रमा पनि वन कार्यालयको प्राविधिक सहयोगमा सिफारिस गरिए बमोजिम खेति प्रणाली अवलम्बन गर्न सकिनेछ ।

**२२. तालिम दिनु पर्ने :** (१) बगनासकाली गाउँपालिकाले सार्वजनिक वन विकास उपभोक्ता समूहको सिप विकासको लागि देहायका विषयमा तालिम दिने व्यवस्था मिलाउनु पर्नेछ :-

(क) नर्सरी सञ्चालन तथा व्यवस्थापन,

(ख) वृक्षरोपण तथा वन सम्बर्धन,

(ग) कृषि वन व्यवस्थापन,

(घ) फलफुल तथा जडिबुटी उत्पादन, प्रशोधन, जुस बनाउने, जाम बनाउने,

(ङ) वन पैदावारमा आधारित हस्तकला,

(च) अन्तरवाली ।

(२) उपदफा (१) बमोजिम तालिम दिँदा बगनासकाली गाउँपालिकाले सम्बन्धित वन कार्यालय, अन्य निकाय, संघ, संस्थासँग समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

## परिच्छेद-६
## वातावरणीय व्यवस्थापन

**२३. विभिन्न प्रजातीको रुख लगाउनु पर्ने :** (१) सार्वजनिक जग्गामा वन विकास गर्दा वातावरणीय सन्तुलन कायम हुने गरी विभिन्न मिश्रित प्रजातीका रुख लगाउनु पर्नेछ । यसको उल्लेख वन व्यवस्थापन कार्ययोजनामा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजम रुख लगाउँदा कम्तीमा चालिस प्रतिशत छत्र घनत्व कायम हुने गरी प्रति आधा हेक्टरमा कम्तीमा आठ सय वटा रुख लगाउनु पर्नेछ।तर कुनै सार्वजनिक स्थानमा रुखहरु लगाउन नसकिने अवस्था भएमा रुख बाहेकको प्रजातिहरु स्थान विशेषको पारिस्थिकीय प्रणाली अनुसार कार्ययोजनामा उल्लेख गरी कार्यान्वयन गर्न वाधा पुगेको मानिने छैन।

(३) माथिको दफा तथा उपदफाहरुमा जे-जस्तो प्रावधान भएता पनि संकटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि, १९७३ अनुरुपको अनुसूचीहरुमा उल्लिखित वनस्पतिहरुको खेती, कटान तथा ओसारपसारको





हकमा संकटापन्न वनस्पतिको हकमा संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ तथा संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ बमोजिमको प्रक्रिया पुरा गरेको हुनु पर्नेछ ।

२४. **वातावरण संरक्षण सम्बन्धी कानूनी व्यवस्थाको पालना गर्नु पर्ने :** सार्वजनिक जग्गामा वन विकास कार्यक्रम सञ्चालन गर्दा वातावरण सम्बन्धी प्रचलित कानूनको व्यवस्था पालना गर्नुपर्नेछ ।

२५. **रुख कटान गरेपछि वृक्षरोपण गर्नु पर्ने :** यस कार्यविधि बमोजिम सार्वजनिक जग्गामा रहेको रुख कटान गरेपछि पुनः वृक्षरोपण वा उपयुक्त वन सम्बर्धन प्रणालीमा आधारित पूर्नउत्पादनको कार्य गर्नुपर्नेछ ।

२६. **कार्बन व्यापार गर्न सक्ने :** सार्वजनिक वन उपभोक्ता समूहले सार्वजनिक जग्गामा रहेको रुख तथा वनस्पतिको संरक्षण, विकास तथा व्यवस्थापनबाट सिर्जित कार्बन सञ्चितिलाई प्रचलित कानून बमोजिम कार्बन विक्री गर्न कार्बन व्यापार गर्न सक्ने र सो कार्यको लागि बगनासकाली गाउँपालिकाले सहजिकरण तथा समन्वय गर्नेछ।

## परिच्छेद-८
## वन पैदावारको उपभोग

२७. **वन पैदावारको बाँडफाँट तथा उपभोग :** (१) सार्वजनिक वन विकास उपभोक्ता समूहद्वारा उत्पादित वन पैदावारको बाँडफाँट तथा उपभोग सम्बन्धित सार्वजनिक जग्गाको स्वामित्व रहेको बगनासकाली गाउँपालिका, सामुदायिक विद्यालय, मठ, मन्दिर वा अन्य सार्वजनिक संस्था र सो समूह बीच भएको सम्झौतामा उल्लिखित शर्त वमोजिम हुनेछ ।

(२) सार्वजनिक जग्गाको व्यवस्थापनबाट प्राप्त हुने वन पैदावारको बिक्री वितरण गर्दा नेपाल सरकारले तोकेको प्रचलित दररेट भन्दा कम नहुने गरी दररेट कायम गर्नु पर्नेछ ।

(३) सार्वजनिक जग्गामा लगाएको रुख कटान तथा बिक्री वितरण गर्दा पहिलो प्राथमिकता सम्बन्धित उपभोक्ताहरुलाई दिनु पर्नेछ ।

(४) सार्वजनिक जग्गामा लगाएको रुख कटान तथा बिक्री वितरण गर्दा वन सम्बन्धी प्रचलित कानून बमोजिम सम्बन्धित वन कार्यालयको अनुमति लिई गर्नु पर्नेछ र त्यस्तो रुख ओसार पसार गर्दा सो कार्यालयको टाँचा तथा सिल लगाई ओसार पसार गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम रुख कटान गर्दा बगनासकाली गाउँपालिकाका प्रतिनिधिलाई

समेत रोहवरमा राखी गर्नुपर्नेछ ।

(६) सार्वजनिक वन विकास उपभोक्ता समूहले यस दफा बमोजिम उपलब्ध भएको वन पैदावारको विवरण अनुसूची-७ बमोजिमको ढाँचामा राखी त्यस्तो विवरण सम्बन्धित वन कार्यालय र बगनासकाली गाउँपालिकालाई समेत उपलब्ध गराउनु पर्नेछ ।

(७) सार्वजनिक वन विकास उपभोक्ता समूहसँग गरिएको करार समाप्त भएको अवस्थामा र त्यस्तो समूहले व्यवस्थापन गरेको अधिकांश बिरुवाको कम्तीमा पचास प्रतिशत बिरुवा बाँकी रहेको अवस्थामा त्यस्ता विरुवाको स्वामित्व सोही समूहमा रहने गरी पुन: करार अवधि नवीकरण गर्न प्राथमिकता दिनु पर्नेछ ।

(८) यस दफा बमोजिम सम्बन्धित वन कार्यालयबाट सम्पादन हुने कार्यको लागि बगनासकाली गाउँपालिकाले आवश्यक समन्वय तथा सहजीकरण गर्नु पर्नेछ ।

२८. कानून बमोजिम कारबाही हुने : कसैले सार्वजनिक जग्गामा वन विकास गरी लगाएको रुख चोरी गरेमा वा यस कार्यविधि विपरीत रुख कटानी तथा निकासी गरेमा वन सम्बन्धी प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

## परिच्छेद-९

## लाभको बाँडफाँट तथा कोष परिचालन

२९. **लाभको बाँडफाँट तथा कोषको व्यवस्था:** (१) सार्वजनिक जग्गाको वन विकासको लागि सार्वजनिक वन विकास उपभोक्ता समूहलाई सबल र सक्षम बनाउन प्रत्येक सार्वजनिक वन विकास उपभोक्ता समूहले एउटा कोष खडा गर्नु पर्नेछ ।

**(२) उपदफा (१) बमोजिमको कोषमा देहायको रकम जम्मा गर्नु पर्नेछ: -**

(क) सार्वजनिक वन विकास उपभोक्ता समूहका प्रत्येक सदस्यले सो समूहको निर्णय बमोजिम नियमित रुपमा प्रत्येक महिना जम्मा गरेको रकम,

(ख) सम्बन्धित सार्वजनिक जग्गाको वन पैदावार बिक्री भई प्राप्त भएको रकम,

(ग) बगनासकाली गाउँपालिका वा अन्य सार्वजनिक निकायबाट प्राप्त अनुदान रकम,

(घ) अन्य कुनै स्रोतबाट सार्वजनिक वन विकास उपभोक्ता समूहलाई प्राप्त भएको रकम ।

(३) उपदफा (२) प्रकरण (ख) बमोजिम प्राप्त सार्वजनिक जग्गाको वन पैदावार बिक्री भई





प्राप्त भएको रकम मध्ये कम्तीमा पच्चीस प्रतिशत रकम वन व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रकमको बिस प्रतिशत रकम बगनासकाली गाउँपालिकाको कोषमा शञ्चित गर्ने र बाँकी रकम बगनासकाली गाउँपालिकासँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा वन उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषको रकम देहायको कामको लागि खर्च गरिनेछ :-

(क) सार्वजनिक जग्गामा वन विकास कार्यक्रम सञ्चालनका लागि वृक्षरोपण गर्न तथा वन व्यवस्थापन गर्न,

(ख) दफा ९ बमोजिम सार्वजनिक जग्गामा वन विकासको लागि जग्गाको स्वामित्व भएको बगनासकाली गाउँपालिका, सामुदायिक विद्यालय, मठ, मन्दिर वा अन्य सार्वजनिक संस्थासँग भएको सम्झौता बमोजिम त्यस्तो बगनासकाली गाउँपालिका वा सार्वजनिक निकायलाई रकम उपलब्ध गराउनु पर्ने भएमा त्यस्तो रकम भुक्तानी गर्न ।

(४) उपदफा (१) बमोजिमको कोषमा रहेको रकमलाई सार्वजनिक वन विकास उपभोक्ता समूहको निर्णय बमोजिम नेपाल सरकारबाट तोकिएको निश्चित व्याजदरमा ननाघ्ने गरी समूहका सदस्यहरुमा प्रचलित कानून बमोजिम लगानी गरी परिचालन गर्न सकिनेछ ।

(५) उपदफा (१) बमोजिमको कोषको रकम पायक पर्ने राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकमा जम्मा गरी राख्नु पर्नेछ र त्यस्तो खाता सार्वजनिक वन विकास उपभोक्ता समूहको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ ।

तर सार्वजनिक वन विकास उपभोक्ता समूहको अध्यक्ष वा कोषाध्यक्ष वा दुवै नभई समूहको आर्थिक कारोबार गर्न कठिनाई भएमा सो समूहले निर्णय गरी खाता सञ्चालन तथा कोष सम्बन्धी अन्य कार्य गर्न समूहको अन्य पदाधिकारी वा सदस्यलाई तोक्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमको कोषको रकम सार्वजनिक वन विकास उपभोक्ता समूहको निर्णय बमोजिम वन विकास कार्यक्रमको लागि खर्च गर्नु पर्नेछ ।

(७) सार्वजनिक वन विकास उपभोक्ता समूहमा सो समूहको निर्णय बमोजिम कुनै नयाँ उपभोक्ता सदस्य थप हुन आएमा त्यस्तो सदस्यले सदस्य हुनको लागि विधानमा कुनै दस्तुर वा शुल्कको व्यवस्था गरिएको भए अन्य सदस्यले समूहमा जम्मा गरे बराबरको दस्तुर वा शुल्क जम्मा गर्नु पर्नेछ ।

३०. **लेखा परीक्षण गराउनु पर्ने :** दफा २९ बमोजिमको कोषमा भएको आम्दानी र खर्चको वार्षिक लेखापरीक्षण प्रत्येक आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र बगनासकाली गाउँपालिकाले तोकेको लेखापरीक्षकबाट गर्नेछ ।

## परिच्छेद-१०

## समन्वय, अनुगमन तथा मूल्यांकन

३१. **प्राविधिक सहयोग तथा समन्वय गर्नु पर्ने :** (१) सार्वजनिक वन विकास उपभोक्ता समूहले वन विकासको लागि बगनासकाली गाउँपालिका, सम्बन्धित वन कार्यालय, नर्सरी सञ्चालक, अन्य वन विकास उपभोक्ता समूह वा समिति, सार्वजनिक वनको क्षेत्रमा काम गर्ने संघ, संस्था तथा अन्य सरोकारवालाहरुसँग आवश्यक समन्वय गर्नुपर्नेछ ।

(२) सार्वजनिक वन विकास उपभोक्ता समूहले वन विकास तथा व्यवस्थापनको लागि आवस्यक प्राविधिक तथा अन्य सहयोगहरु सम्बन्धित डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालय लगायत प्राविधिक सेवा प्रदायकहरुसँग लिन सक्नेछ ।

३२. **अनुगमन तथा मूल्याङ्कन गर्ने :** (१) बगनासकाली गाउँपालिकाको वन वातावरण तथा विपद् व्यवस्थापन समितिले यस कार्यविधि बमोजिम सार्वजनिक जग्गामा गरिएको वन विकास सम्बन्धी कार्यको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(१) उपदफा (१) बमोजिमको अनुगमन तथा मूल्याङ्कनको कार्यको लागि सम्बन्धित क्षेत्रका विज्ञहरु वा डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको प्राविधिक सहयोग लिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको निर्देशन सम्बन्धित सार्वजनिक वन विकास उपभोक्ता समूहले पालना गर्नु पर्नेछ ।



वर्ष ७, संख्या १२, मिति २०८०/१२/३०

## परिच्छेद-११

## विविध

३३. **सामुदायिक वन बनाउन सकिने :** (१) सार्वजनिक जग्गामा विकास भएको वनक्षेत्र बगनासकाली गाउँपालिकाले सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न सम्बन्धित डिभिजन वन कार्यालयमा सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम डिभिजन वन कार्यालयमा सिफारिस गरी सामुदायिक वनको रुपमा मान्यता प्राप्त गरेमा बगनासकाली गाउँपालिकाले आफ्नो लगत कट्टा गरी सूचना प्रणाली रहेकोमा प्रविष्ट गर्नु पर्नेछ ।

३४. **पुरस्कार दिन सक्ने :** (१) बगनासकाली गाउँपालिकाले सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्ने सार्वजनिक वन विकास उपभोक्ता समूहलाई प्रोत्साहन गर्न त्यस्ता समूह मध्ये उत्कृष्ट कार्य गर्ने समूहलाई उचित पुरस्कार दिन सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि वन व्यवस्थापन सम्बन्धी कार्यको मूल्याङ्कन गर्ने सम्बन्धी व्यवस्था बगनासकाली गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ । यसको लागि आवश्यक परेमा सम्बन्धित डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको प्राविधिक सहायता लिन सक्नेछ ।

३५. **सार्वजनिक वन विकास उपभोक्ता समूह खारेज गर्न सकिने :** सार्वजनिक वन विकास उपभोक्ता समूहले कार्ययोजना बमोजिम काम गर्न नसकेमा, वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै काम गरेमा, सार्वजनिक जग्गाको हैसियत बिग्रने गरी काम गरेमा वा बगनासकाली गाउँपालिकाले तोकेको शर्त पालना नगरे मा बगनासकाली गाउँपालिकाले त्यस्तो सार्वजनिक वन विकास उपभोक्ता समूह खारेज गरी यस कार्यविधि बमोजिम अर्को सार्वजनिक वन विकास उपभोक्ता समूह गठन गर्न सक्नेछ । तर त्यसरी उक्त सार्वजनिक वन विकास उपभोक्ता समूह खारेज गर्नु अघि त्यस्तो समूहलाई सफाईको उचित मौका दिनुपर्नेछ ।

३६. **अनुसूचीमा हेरफेर गर्न सक्ने :** बगनासकाली गाउँपालिकाको कार्यपालिकाले आफ्नो पालिकाको राजपत्रमा सूचना प्रकाशन गरी यस कार्यविधिको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

## अनुसूची-१
## (दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

### सार्वजनिक जग्गामा वन विकासको लागि स्वीकृति माग गर्ने निवेदनको नमूना

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,**

बगनासकाली गाउँपालिका,

बगनासकाली गाँउपालिकाको कार्यालय, चिर्तुङ्गधारा, पाल्पा ।

**विषय: सार्वजनिक जग्गामा वन विकासको लागि स्वीकृति प्रदान गर्नु हुन ।**

**महोदय,**

'बगनासकाली गाउँपालिका सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८०' को अधिनमा रही लुम्बिनी प्रदेश तथा बगनासकाली गाउँपालिकाको प्रचलित कानून अनुसार देहायको सार्वजनिक जग्गामा यसैसाथ संलग्न विधान तथा कार्ययोजना बमोजिमको वन संरक्षण, वनको विकास र व्यवस्थापन गरी सदपुयोग गर्न देहाय बमोजिमको उपभोक्ताहरुको चाहना भएकोले देहाय बमोजिमको सार्वजनिक जग्गामा सार्वजनिक वनको विकास तथा संरक्षण गर्नको लागि स्वीकृति तथा सम्झौता हुनको लागि तपसिल बमोजिमको विवरण सहित निवेदन गरेका छौं ।

**१. प्राविधिक सहयोग**

(क) सार्वजनिक जग्गामा वन विकासको लागि वन कार्ययोजना तयारी

(ख) वनको स्रोत सर्वेक्षण

(ग) वन व्यवस्थापन, विरुवा उत्पादन, वृक्षरोपण तथा वन संवर्धन

(घ) प्रकृतिमैत्री पर्यापर्यटन विकास तथा वन उद्यमको लागि कच्चा पदार्थ उत्पादन

**२. वनको विवरण**

(क) वनको नाम र ठेगाना:

(ख) चार किल्ला:

(ग) क्षेत्रफल:





(घ) प्रमखु प्रजाती:

निवेदक (सार्वजनिक वन उपभोक्ता समूहको तर्फबाट):

| क्र सं | नाम तथा थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|

## अनुसूची-२
## (दफा ९ सँग सम्बन्धित)

### सार्वजनिक जग्गामा वन विकासको लागि गरिने सम्झौताको नमूना

पाल्पा जिल्ला बगनासकाली गा.पा वडा नं...........स्थित..................सार्वजनिक वन विकास उपभोक्ता समूह (यसपछि "प्रथम पक्ष" भनिएको) र पाल्पा जिल्ला........... न.पा./गा.पा/............ जिल्ला ............... न.पा/गा.पा वडा नं. .... मा स्थित ....... ........................... (यसपछि "द्वितीय पक्ष" भनिएको) बीच पूर्व.........दक्षिण......... पश्चिम.......... र उत्तर ........भएको चार किल्लाभित्रको कित्ता नं ...........को क्षेत्रफल............भएको ऐलानी/पर्ती/सार्वजनिक जग्गामा "बगनासकाली गाउँपालिका सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८०" अनुसार यसै साथ संलग्न कार्य योजना अनुरुप तपसिलका शर्तहरु पालना गर्ने गरी वृक्षरोपण तथा अन्य कार्य गरी वनको विकास गर्न तथा कृषिमा आधारित आयमूलक कार्यक्रमहरु समेत सञ्चालन गर्न सम्झौता भएको मितिले ......... वर्षका लागि लिन एवं दिन हामी प्रथम पक्ष र द्वितीय पक्ष मञ्जुर छौं भनी खुशी राजीसँग तपसिलका साक्षीहरुको रोहवरमा यो सम्झौतापत्र लेखी सहिछाप समेत गरिदियौं । तपसिल बमोजिमका शर्तहरु नगरेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

**तपसिल**

१. सम्झौता भएको मितिले एक वर्ष भित्र संलग्न कार्य योजना अनुरुप प्रथम पक्षले कार्य प्रारम्भ गर्नु पर्नेछ । यसरी गरिएका कार्यहरु कार्य योजनामा उल्लेख भए अनुसारका हुनु पर्नेछ । उक्त कार्य बाहेक अन्य कुनै काम कारबाही प्रथम पक्षले गर्न पाउने छैन ।

२. प्रथम पक्षले जडिबुटी, गैह्र काष्ठ वन पैदावार वा अन्य आयमूलक खेती कार्यक्रमबाट उत्पादन गरेको पैदावार प्रथम पक्षले नै आफूखुसी विक्री वितरण गर्न सक्नेछ र त्यसबाट हुने आम्दानी प्रथम पक्षको नै हुनेछ । तर वन पैदावार बिक्री गरी प्राप्त गरेको रकमको

२० प्रतिशत रकम प्रथम पक्षले द्वितीय पक्षलाई बुझाउनु पर्नेछ ।

३. प्रथम पक्षले वन पैदावार बिक्री गरी प्राप्त गरेको रकमको कम्तीमा २५ प्रतिशत रकम स्थानीय स्तरमा वन क्षेत्रको विकास तथा संरक्षणको लागि खर्च गर्नु पर्नेछ ।

४. उक्त जग्गामा भूक्षय हुने तथा जग्गाको हैसियत बिगार्ने खालका क्रियाकलाप दुवै पक्षबाट गरिने छैन । तर कम खनजोत गरी जडिबुटी, गैह्र काष्ठ वन पैदावार वा कृषि-वन जस्ता आयमूलक खेती भने प्रथम पक्षले गर्न सक्नेछ ।

५. प्रथम पक्षले वर्ष भरि गरिएका कामहरुको विवरण प्रत्येक आर्थिक वर्षको असार मसान्त भित्र द्वितीय पक्षलाई पठाउनु पर्नेछ ।

६. सम्झौताको अवधि समाप्त भए पछि दुवै पक्षको आपसी सहमतिमा सम्झौता अवधि थप गर्न सकिनेछ ।

७. सम्झौताको अवधि समाप्ती पछि पुनःसम्झौता भएको अवस्थामा बाहेक उल्लिखित सार्वजनिक जग्गा तथा सो जग्गामा भएको वन प्रथम पक्षले द्वितीय पक्षलाई हस्तान्तरण गर्नुपर्नेछ । तर प्रथम पक्षले लगाई हुर्काएको वन पैदावार बिक्रीबाट प्राप्त आम्दानी सम्झौता बमोजिम बाँडफाँट गर्नुपर्नेछ ।





८. अन्य आवश्यक शर्तहरु

| **प्रथम पक्ष (सार्वजनिक वन विकास समूह) को तर्फबाट** | **द्वितीय पक्ष (स्थानीय तह /जग्गाथाको स्वामित्व रहेको सार्वजनिक संस्था) को तर्फबाट** |
|---|---|
| नाम :<br>पद :<br>दस्तखत :<br>मिति : | जग्गा धनि वा सम्बन्धित संघ संस्थाका आधिकारिक व्यक्तिको नाम:<br>पद :<br>दस्तखत :<br>मिति : |
| **रोहवर**<br>नामः<br>पदः<br>दस्तखतः<br>मितिः | **रोहवर**<br>नामः<br>पदः<br>दस्तखतः<br>मितिः |

इति संवत् ...............साल .............महिना..........गते रोज ...........शुभम्........

## अनसुची -३

## (दफा ११ उपदफा (२) सँग सम्बन्धित)

## सार्वजनिक जग्गामा वन विकास गर्न दिएको प्रमाणपत्रको नमूना

## बगनासकाली गाउँपालिका

## बगनासकाली गाउँपालिकाको कार्यालय

**प्रमाणपत्र नम्बर :**

**सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्न दिएको प्रमाणपत्र**

श्री.....................................

ठेगानाः ..............................

श्री ........................... सार्वजनिक वन उपभोक्ता समूहलाई "बगनासकाली गाउँपालिका सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि,२०८० " तथा प्रचलित कानुनको अधिनमा रही प्रदेश तथा बगनासकाली गाउँपालिकाको प्रचलित कानून अनुसार देहायको सार्वजनिक जग्गामा यसै साथ संलग्न विधान तथा कार्ययोजना बमोजिमको वन संरक्षण, वनको विकास र व्यवस्थापन गरी सदपुयोग गर्न यो प्रमाण-पत्र दिइएको छ ।

**सार्वजनिक जग्गाको विवरण :**

चार किल्लाः

| | |
|---|---|
| पूर्वः | पश्चिम : |
| उत्तरः | दक्षिण : |
| कि.न. : | क्षेत्रफल : |

प्रमाणपत्र दिने अधिकारीकोः

नाम, थरः

पदः

दस्तखतः

मिति :

**द्रष्टव्यः प्रमाणपत्र हराएमा, च्यातिएमा, वा नासिएमा अर्को प्रमाणपत्र लिन एकसय रुपैयाँ दस्तुर लाग्नेछ ।**





## अनुसूची-४

## (दफा १० को उपदफा (१) सँग सम्बन्धित)

सार्वजनिक वन विकास उपभोक्ता समूहको विधान तथा कार्य योजनाको नमूना

**खण्ड क**

विधानमा समावेस गर्नु पर्ने बिषयहरु

सार्वजनिक वन विकास उपभोक्ता समूहको विधानमा अन्य कुराहरु भएमा सो को अतिरिक्त निम्न कुराहरु समावेश गरी तयार गर्नु पर्ने छ ।

१.भूमिका

२. पृष्ठभूमि

२.१ वन विकास समूहको नाम र ठेगाना

२.२ वनको क्षेत्रफल (कित्ता नं. समेत)

२.३ वनको चौहद्दी (चारकिल्ला) र अवस्थिति (नक्शा)

३. समुह स्थापनाको उद्देश्य

४. समुहको काम, कर्तब्य र अधिकार

५. समूहले गर्ने काम सम्बन्धी कार्यविधि

६. समुह तथा समिति गठन प्रकृया

७. वनको संरक्षण, ब्यवस्थापन र आम्दानीको बाँडफाँड

८. वन पैदावार सङ्कलन तथा विक्री वितरण सम्बन्धी ब्यवस्था

९. कोषको सञ्चालन तथा अभिलेख ब्यवस्थापन

१०. अनुगमन तथा मूल्याङ्कन

**खण्ड ख**

वन व्यवस्थापन कार्ययोजनामा समावेस गर्नु पर्ने विषयहरु

१. भूमिका

२. सार्वजनिक वन विकास व्यवस्थापनको उद्देश्य

३. जमिन/वनको हालको अवस्था (बोट विरुवाको प्रजाती, उमेर, साइज र संख्या समेत)

४. वनमा सम्झौता अवधि भित्र गरिने क्रियाकलापहरु (खण्ड विभाजन गर्नु पर्ने भएमा सो अनुसार)

५. वनको व्यवस्थापन, वन सम्बर्धन क्रियाकलापहरु तथा संरक्षणको व्यवस्था (वातावरणीय तथा सामाजिक सुरक्षाको व्यवस्था सम्बन्धि विषयहरु जस्तै मिचाहा प्रजाति नरोप्ने, वन डढेलोबाट कसरी जोगाउने, वन डढेलो लागेमा के गर्ने, रोग किराहरु लाग्न नदिन के गर्ने, बाढी पहिरो पानी डुवान हुँदा के गर्ने, कसरी विरुवाहरु जोगाउने , चरिचरनको नियन्त्रण कसरी गर्ने, कामदारहरुको सुरक्षाको लागि के कस्ता कार्यहरु गर्ने आदी) ।

६. जडिबुटी तथा गैह्र काष्ठ वन पैदावार खेतीको योजना

७. नर्सरी, वृक्षरोपण, आयमूलक कार्यक्रमहरुको कार्य तालिका (बिरुवाको जात, संख्या समेत)

८. वनमा आवश्यक पर्ने प्राविधिक सहयोगको उपलब्धता (कहाँबाट, कसरी)

९. वनको अपेक्षित उपलब्धी तथा फाईदाहरु (परिमाण सहित)

१०. विविध

**नोट :** यस अनुसूचीको प्रयोजनको लागि "वन" भन्नाले सार्वजनिक जग्गाको वन सम्झनु पर्दछ । साथै विधान तथा कार्य योजना यथासम्भव एउटै पुस्तकमा समावेश हुनु पर्नेछ।





| चुरे तथा तराइ क्षेत्र दुवैमा | | तराइ क्षेत्र | | मध्य पहाडी क्षेत्र | | उच्च पहाडी क्षेत्र | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | उपयुक्त प्रजाति | क्र.सं | उपयुक्त प्रजाति | क्र.सं | उपयुक्त प्रजाति | क्र.सं | उपयुक्त प्रजाति |
| १ | कदम | १ | आँप | १ | फिरफिरे | १ | भोटे पिपल |
| २ | सिरिस | २ | बडहर | २ | सिरिस | २ | लोठसल्ला |
| ३ | सिमल/कपोक | ३ | कटहर | ३ | बाँस | ३ | धुपिसल्ला |
| ४ | लहरे पिपल | ४ | बाँस | ४ | बडहर | ४ | गुँरास |
| ५ | मसला | ५ | टिक | ५ | अमला | ५ | सिवाकथोन |
| ६ | बकाईनो | ६ | ईपिलइपिल | ६ | कागति | ६ | देवदार |
| ७ | गमारी | ७ | बबुल | ७ | तेजपात | ७ | भोजपत्र |
| ८ | टाँकी | ८ | निम | ८ | कटुस | ८ | स्याउ |
| ९ | बकाइनो | ९ | जामून | ९ | टिमुर | ९ | खुर्पानी |
| १० | कोईरालो | १० | भूडकूल | १० | कुटमिरो | | |
| ११ | खयर | ११ | खयर | ११ | चिउरी | | |
| १२ | दवदवे | १२ | दवदवे | १२ | दवदवे | | |
| १३ | लिची | १३ | लिची | १३ | काभ्रो | | |
| १४ | अमला | १४ | अमला | १४ | बकाइनो | | |
| १५ | सिसौ (रोग निरोधक) | १५ | सिसौ (रोग निरोधक) | १५ | टांकी | | |
| | | १६ | मसला | १६ | कोईरालो | | |
| | | | | १७ | उत्तिस | | |
| | | | | १८ | गुराँस | | |
| | | | | १९ | ओखर | | |
| | | | | २० | सुगन्धकोकिला | | |
| | अन्य उपयुक्त प्रजातिहरु तोकिएको तथा सिफारिस गरिएकोमा सो बमोजिम पनि लगाउन सकिनेछ । | | | | | | |

## अनुसूची-५

**(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)**

**सार्वजनिक जग्गाको वन विकासको लागि प्राथमिकता सूचीका प्रजातीहरु**

## अनुसूची-६

**(दफा १६ सँग सम्बन्धित)**

**नर्सरीमा सामग्री तथा श्रम खर्चको विस्तृत अभिलेखको नमूना**

१.जिल्ला : पाल्पा

२. गाउँपालिका : बगनासकाली

३. वडा नं. :

४. सार्वजनिक वन विकास उपभोक्ता समूहको नाम :

५. सामग्री तथा श्रमको विवरण

(क) सामग्रीको विवरण

| क्र सं | मिति | सामग्रीको विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सामग्रीको नाम | एकाइ | परिमाण | रकम रु | |
| | | | | | | |
| | | | | | | |

-ख) श्रमको विवरण

| क्र सं | मिति | श्रमको विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कामको विवरण | श्रम दिन | | | |
| | | | महिला | पुरुष | जम्मा | |
| | | | | | | |
| | | | | | | |





## अनुसूची-७

**(दफा २७ को उपदफा (६) सँग सम्बन्धित)**

**सार्वजनिक जग्गामा वन विकास गरी उपलब्ध भएको वन पैदावारको विवरण फाराम**

१. जिल्ला : पाल्पा

२. गाउँपालिका : बगनासकाली

३. वडा नं. :

४. सार्वजनिक वन विकास उपभोक्ता समूहको नाम :

५. वन पैदावारको विवरण :

| क्र.सं. | जात | किसिम | नाप साईज | थान वा संख्या | परिमाण (इकाई समेत) | कटान गर्ने अनुमति पाएको मिति | खर्च विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |

विवरण तयार गर्नेको दस्तखतः विवरण प्रमाणित गर्नेको दस्तखतः

नामः नामः

पदः पदः

मितिः मितिः

**आज्ञाले**

**बद्रिनाथ लम्साल**

**प्रमुख प्रशासकीय अधिकृत**